बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्
हेटौंडा, मकवानपुर

पत्र संख्याः २०८२/०८३
चलानी नं.

## सीप परीक्षण मुल्याङ्कनकर्ता तालिम (Skill Test Assessor Training) सञ्चालन हुने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/१२/२५)

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्, हेटौंडा मकवानपुरबाट कार्यान्वयन भईरहेको नेपाल व्यावसायिक योग्यता प्रणाली (NVQS-P-II) परियोजना तर्फको वजेटबाट प्राविधिक प्रशिक्षण प्रतिष्ठान (TITI), राष्ट्रिय सीप परीक्षण समिति (NSTB), सानोठिमी भक्तपुर र यस परिषद्को सहकार्यमा सीप परीक्षण मूल्याङ्कनकर्ता तालिम (Skill Test Assessor Training) सञ्चालन हुने भएकोले तपसिलमा उल्लेख भए बमोजिमको योग्यता तथा अनुभव भएका बागमती प्रदेशमा स्थायी वसोवास भएका नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र (मिति २०८३।०१।०९ गते राती १२ वजेसम्म) आवश्यक कागजातहरू संलग्न गरी यस परिषद्को ईमेल ठेगाना tevtbagamati@gmail.com मा वा यस परिषद्को कार्यालय वा नेपाल व्यावसायिक योग्यता प्रणाली, परियोजना सहयोग इकाईको कार्यालयमा स्वयम् उपस्थित भई तपसिलमा उल्लेखित कागजातसहित आवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ । आवेदन फाराम यस परिषद्को वेवसाईट www.pctvet.bagamati.gov.np बाट डाउनलोड गरी वा यस परिषद्को कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

**सहभागी छनौटको लागि शर्त तथा मापदण्डहरु:**

**१. तालिम संचालन हुने बिषयहरुः**

| क.स. | क्षेत्र | व्यवसाय |
|---|---|---|
| १. | Computer | Computer Operator, Computer Hardware and Network Technician |
| २. | Mechanical | Ref. and AC Mechanics, Welder |
| ३. | Construction | Building Painter, Plumber, Construction Mason, Tile and Marble Fitter |
| ४. | Electrical and Electronics | Cell/Mobile Phone Repair Technician |
| ५. | Service | Beautician |
| ६. | Garment/Textile | Tailoring, Garment Fabricator, |
| ७. | Others | …….. |
| आवश्यक संख्या जम्मा २० जना मात्र | | |

**२. तालिममा सहभागी हुनको लागि न्युनतम योग्यताः**

| क.स. | पेशा/व्यवसाय | न्यूनतम योग्यता |
|---|---|---|
| १. | ब्युटिसियन | तह २ उत्तीर्ण |
| २. | गार्मेन्ट फेब्रिकेटर | टेलरिङ्ग तह ३ उत्तीर्ण वा गार्मेन्ट फेब्रिकेटर तह २ उत्तीर्ण |
| ३. | सेल/मोबाईल फोन रिपेयर टेक्निसियन | तह २ उत्तीर्ण वा डिप्लोमा इन इलेक्ट्रीकल एण्ड इलेक्ट्रोनिक |
| ४. | कन्ट्रक्सन | बिल्डिङ पेन्टर तह २ उत्तीर्ण, प्लम्बर तह ३ उत्तीर्ण वा डिप्लोमा इन सिभिल इन्जीनियरिङ्ग वा ब्याचलर इन इन्जीनियरिङ्ग |
| ५. | रेफ्रीजेरेटर एण्ड ए.सी. मेकानिक | तह ३ उत्तीर्ण वा डिप्लोमा इन रेफ्रीजेरेटर एण्ड ए.सी. मेकानिक |
| ६. | वेल्डर | तह ३ उत्तीर्ण वा डिप्लोमा इन मेकानिकल इन्जीनियरिङ्ग |

नारायण चौधरी
कार्यालय प्रमुख

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्
हेटौंडा, मकवानपुर

पत्र संख्याः २०८२/०८३
चलानी नं.

| | | |
|---|---|---|
| ७. | कम्प्युटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन | तह ३ उत्तीर्ण वा डिप्लोमा इन कम्प्युटर इन्जीनियरिङ्ग |

क. माथि उल्लेखित योग्यता हासिल गरी कम्प्युटर सम्बन्धी समान्य ज्ञान भएको

ख. बागमती प्रदेशमा स्थायी ठेगाना भएको वा बागमती प्रदेशमा रही सम्बन्धित पेशामा संलग्न भई सीप मूल्याङ्कनकर्ताको रुपमा कार्य गर्न इच्छुक व्यक्ति

ग. आवश्यकता अनुसार सीप मूल्याङ्कनको समयमा सीप परीक्षण मूल्याङ्कनकर्ताको रुपमा उपलब्ध हुन सक्ने व्यक्ति

**३. छनौटका आधारहरूः**

पेशा/व्यवसायसँग सम्बन्धित योग्यता, आवेदकको सामाजिक समुह (महिला, दलित, जनजाती, अल्पसंख्यक), संलग्नता र कार्याअनुभव । छनौटका लागि सम्बन्धित पेशा/व्यवसायको माथिल्लो तहको प्रमाणपत्रलाई प्राथमिकता दिईनेछ ।

**४. पेश गर्नुपर्ने कागजातहरूः**

नेपाली नागरिकताको प्रमाणपत्र, प्राविधिक तथा शैक्षिक योग्यताको प्रमाणपत्र , सीप परीक्षणको प्रमाणपत्रहरु, सम्बन्धित पेशा/व्यवसायमा भएका कार्यअनुभवको कागजातहरू, लक्षित वर्ग जनाउने सिफारिस पत्र र बसाईंसराइ वा विवाह गरी आएको भए सोसंग सम्बन्धित कागजातहरू र सम्बन्धित पेशाका संघ/महासंघहरुको सिफारिस ।

**५. तालिमको अवधि र समयः**

सीप परीक्षण मूल्याङ्कनकर्ता (Assessor) तालिमको अवधि ५ दिनको हुनेछ ।समय बिहान ८:०० देखि बेलुकी ५:०० बजे सम्म हुनेछ। तालिम अवधिभर पुरा समय सहभागी हुनुपर्नेछ । सफलतापूर्वक तालिम सम्पन्न गर्ने सहभागीलाई प्रमाणपत्र तथा सीप मूल्याङ्कनकर्ता परिचय पत्र प्रदान गरिनेछ ।

६. तालिमका लागि छनौट भएका आवेदकहरुलाई टेलीफोन वा SMS मार्फत जानकारी गराइनेछ, कुनै कारणले सम्पर्क हुन नसकेमा आवेदक स्वयं जिम्मेवार हुनुपर्नेछ।

७. कागजात अपुग रहेको र पूर्ण रुपमा नभरिएको आवेदन स्वीकार गरिने छैन ।

८. तालिम सम्पन्न भएपछि नियमानुसार तालिम अवधिको निर्वाहभत्ता उपलब्ध गराइनेछ।

९. तालिमको लागि सहभागीहरूको छनौट, व्यवस्थापन र यस सम्बन्धी अन्य कार्यहरूका लागि प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्, हेटौडा, मकवानपुर र राष्ट्रिय सीप परीक्षण समितिले गरेको निर्णय अन्तिम हुनेछ।

१०. छनौट भएका सहभागिहरूले तालिममा आउदा पहिलो दिन माथि उल्लेखित सक्कल कागजातहरु ल्याउनु पर्नेछ ।

**नोटः**

थप जानकारीको लागि प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्, हेटौडा, मकवानपुरको फोन नं ०५७-५९१२५२ वा सामाजिक विकास मन्त्रालय, नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना (NVQS-P-II) कार्यान्वयन सहयोग इकाईको फोन नं ०५७-५९००१७ मा सम्पर्क गर्नु होला ।इमेलमा आवेदन पठाईसके पछि प्राप्त भएको नभएको सुनिश्चितता गर्नहुन पनि अनुरोध छ।

टेलिफोन नं. ०५७-५९१२५२
मोवाईल नं. ९८५५०१३२५२(कार्यालय प्रमुख)
ईमेल ठेगानाः tvetbagamati@gmail.com
मोवाईल नं. ९८५५०१६२५२(सूचना अधिकारी)
वेवसाईट ठेगानाः https://pctvet.bagamati.gov.np/